# स्थानीय रोजगार रणनीति

## (आ.व. २०८१ / ०८२ - २०८५ / ०८६ सम्म )

महाभारत गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

देविटार,काभ्रेपलाञ्चोक

# विषय सूचि


कार्यकारी सारांश

खण्ड- १ रणनैतिक सन्दर्भ (Strategic Context)

१. पृष्ठभूमि

२. रोजगार रणनीतिको आवश्यकता / औचित्य

३. अध्ययन पद्धति

४. क्षेत्र

५. सीमा

खण्ड-२ वर्तमान अवस्थाको विश्लेषण

खण्ड-३ रणनैतिक विश्लेषण

खण्ड-४ रणनैतिक सवालहरु

खण्ड-५ दुरदृष्टि, ध्येय र उद्धेश्य

खण्ड-६ रणनैतिक लक्ष्यहरु

खण्ड-७ रणनैतिक स्तम्भ / प्रमुख रणनीतिहरु

खण्ड-८ पाँच वर्षको रणनैतिक कार्ययोजना

खण्ड-९ श्रोत परिचालन र बजेट व्यवस्थापन

खण्ड-१० रणनीतिक योजना निर्देशक समिति, अनुगमन र मूल्यांकन सम्बन्धी व्यवस्था

खण्ड-११ जेखिम व्यवस्थापन

अनुसूचीहरु

## खण्ड-१ रणनैतिक सन्दर्भ (Strategic Context)

१. पृष्ठभूमि

विश्व परिवेशमा बेरोजगारी मुख्य समस्याका रुपमा देखिन थालेको छ । विकसित वा अल्पविकसित सबै समाज बेरोजगारी सँग जुझ्दै आएका छन । रोजगारका अवसर श्रृजना गर्न आज हरेक देशले विभिन्न नीति तथा रणनीति अख्तियार गर्दै आएका छन । विकसित देशमा श्रोत र साधनको प्रयाप्तताले गर्दा लक्ष्य प्राप्तीमा सहजता हुने गर्दछ भने अन्यमा जटिलता र जोखिम बढि देखिन्छ ।

संवत् २०७२ मा जारी नेपालको संविधानको धारा ३३ ले रोजगारीको हकको व्यवस्था गरेको छ । उक्त धारामा प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ भनि उल्लेख गरिएको छ । प्रत्येक नागरिकलाई रोजगारी छनोट गर्न पाउने हक हुनेछ । त्यस्तै नेपालको संविधानको धारा ५१ को झ" मा श्रम तथा रोजगार नीतिको व्यवस्था रहेको छ । उक्त नीतिमा सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक आर्थिक शक्तिको रुपमा रहेको श्रमशक्तिलाई दक्ष, व्यवसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने तथा मर्यादित श्रम, सबै प्रकारको श्रम शोषणको अन्त्य गर्ने लगायत वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजि, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा परिचालन गर्न प्रोत्साहन गर्ने लक्ष्य लिएको छ ।

श्रम तथा रोजगारी अन्तर सम्बन्धीत विषय भएको हुनाले मुलुकको समग्र आर्थिक अवस्था रोजगारीको प्रवर्द्धन लगायत नागरिकको काम र श्रम प्रतिको धारणाले यसलाई प्रत्यक्ष असर पारेको हुन्छ ।

आर्थिक गतिविधी र रोजगारि एक अर्कासँग अन्तर सम्बन्धित छन । आर्थिक गतिविधि बढ्दा रोजगारका अवसर पनि अधिक मात्रामा श्रृजना हुन्छन भने दिगो आर्थिक वृद्धिको मुख्य आधारका रुपमा उत्पादनशिल रोजगारी रहेको छ । काम गर्ने उमेर समुहको श्रमजीवी जनशक्तिलाई उपयुक्त रोजगारको अवसर प्रदान गर्ने तथा उपयुक्त वातावरण बनाई आर्थिक गतिविधिमा सहभागी गराउने दायित्व स्थानिय तहका सरकारको पनि हो । महाभारत गाउँपालिका भित्रै यहाँको जनशक्तिलाई उपयुक्त अवसर प्रदान गर्न रोजगारी अवसर श्रृजना गर्ने तथा सिपयुक्त दक्ष जनशक्ति तयार गरी स्वरोजगारिका अवसर प्रदान गर्ने र उद्यमशिलता विकास गरि रोजगारीका अवसर विकास गर्न सके श्रमशक्तिको उपयोग आफ्नै गाउँ ठाउँमा नै हुनसक्ने देखिन्छ ।

## २. रोजगार रणनीतिको आवश्यकता / औचित्य

स्थानिय क्षेत्र भित्र रोजगारिका प्रयाप्त अवसर सृर्जना नहुदाँ वर्षेनी ठुलो संख्यामा युवाशक्ति रोजगारीका लागी विदेशीनु परेको तितो यथार्थ हामी सामु छ । वर्षेनी श्रम बजारमा प्रवेश गर्ने श्रमशक्तिलाई आन्तरिक रोजगारी अवसर प्रदान गर्न नसकिदा कामका लागी जिल्ला बाहिर जानेको संख्या पनि बढदो छ भने बैदेशिक रोजगारका लागि विभिन्न देशमा जानेको संख्या पनि ठुलो छ । श्रम बजारमा प्रवेश गरेको श्रम शक्तिलाई स्थानिय विकास निर्माणका काममा प्रयोग गर्दै व्यवसायिक सिप दक्षतामा निखार ल्याउदै आर्थिक गतिविधी वृद्धि गरी रोजगारका अवसर बढाउन कार्यमूलक नीति बनाउन आवश्यक रहेको छ ।

वर्तमानमा स्थानिय तहमा उपलब्ध रोजगारका अवसरहरुमा बेरोजगार व्यक्तिलाई आकर्षित गर्न तथा काम गर्न उपयुक्त वातावरण श्रृजना गर्न सकिए नयाँ अवसर पहिचान गरि रोजगारका अवसर वृद्धि गर्ने तथा स्वरोजगारका लागी आवश्यक सिप तथा क्षमता वृद्धि दक्ष जनशक्ति उत्पादन गर्ने, व्यवसायिक सोच वृद्धि गर्ने तथा उद्यमशिलता सम्बन्धी आवश्यक आधारभुत प्राविधिक ज्ञान सिप वृद्धिका लागी आवश्यक तालिम तथा प्रयोगात्मक ज्ञान सञ्चार गरि लघुउद्यम तथा व्यवसाय विस्तार गरि रोजगारी श्रृजना गर्ने र युवाशक्तिलाई वाध्यात्मक रुपमा रोजगारीका लागि बाहिरिनु पर्ने अवस्थाको अन्त्य आजको आवश्यकता हो ।

आर्थिक गतिविधी वृद्धि गर्न व्यवसायिक क्षमता वृद्धि गर्ने व्यवसाय गर्ने वातावरण श्रृजना गर्ने तथा लघुउद्यम गर्न चाहनेलाई प्रोत्साहन गर्ने नीति अख्तियार गरि युवाशक्तिलाई पलायन हुनबाट रोक्न सके मात्र राष्ट्रिय विकासको औचित्य पुष्टि हुने देखिन्छ ।

स्थानिय स्तरमा उपलब्ध हुने कच्चा पर्दाथ साथै स्थानीय प्रविधिमा आधारित लघु उद्योग स्थापनाका लागी ज्ञान सिपको प्रसार आवश्यक छ । श्रम बजारको माग बमोजिम सिप तथा क्षमता विकास गर्ने, स्थानिय तहमा उपलब्ध अवसरमा सबैको पहुँच पुऱ्याउने वातावरण बनाउन आवश्यक छ ।

कृषि क्षेत्रमा आर्कषण बढाउने, आधुनिक कृषि प्रविधिमा जोड दिने, व्यवसायिकरण गर्ने, बजारिकरण गर्ने, भण्डारणका लागी सहयोग गर्ने, जमिन बाझो राख्ने प्रवृतिको अन्त्य गर्ने , फलफुल तथा जडिबुटी खेती विस्तार गरि रोजगारीका अवसर श्रृजना गर्ने उन्नत विउ विजनको व्यवस्थापन तथा कृषि आधुनिकीकरणमा जोड दिन आवश्यक छ ।

पशुपालन व्यवसायमा उन्नत नश्लको प्रयोग गरी मासुजन्य उत्पादन वृद्धि गर्ने तथा उन्नत जातका पशुपालनका माध्यमबाट दुग्धजन्य व्यवसाय विस्तार गरी पर्याप्त रोजगारीका अवसर श्रृजना गरी आर्थिक गतिविधि विस्तार गर्न सकिन्छ ।

रोजगारका अवसर श्रृजना गर्न, रोजगार स्वरोजगार हुन आवश्यक न्यूनतम ज्ञान सिप क्षमता वृद्धि गरि दक्ष जनशक्ति तयार गर्न आन्तरिक रोजगारि प्रवर्द्धन गरि आर्थिक गतिविधी बढाउन महाभारत गाउँपालिकाले रोजगार रणनीति तर्जुमा गरी कार्यन्वयनमा ल्याउन आवश्यक देखिएको छ ।

महाभारत गाउँपालिकाको रोजगार रणनीति तर्जुमा र कार्यान्वयनबाट संविधानले व्यवस्था गरेको नागरिकको रोजगारिको हकको कार्यान्वयनमा सहजता आउनुका साथै स्थानीय तहको सामाजिक आर्थिक उन्नतिमा समेत सहयोग पुग्न सक्ने देखिन्छ ।

स्थानिय तह भित्रै आवश्यक रोजगारीका अवसर श्रृजना गर्न सम्भावित क्षेत्रहरुको पहिचान गरी दक्ष, सिपयुक्त, प्रतिस्पर्धी र क्षमतावान जनशक्ति तयार गर्ने अभिप्रायले यो रणनीतिक योजना तयार गरिएको छ ।

## ३. अध्ययन पद्धति

स्थानीय तहको रोजगार रणनीतिका लागि आवश्यक पर्ने सूचना, तथ्याङ्क संकलन गर्न स्थानीय तहको रोजगार रणनिति निर्माण सम्बन्धी मार्गदर्शन, २०८० ले निधारण गरेका अनुसूचि २ र ३ मा समावेश भएका प्रश्नावलीहरुलाइ प्रयोग गरिएको छ । साथै सरोकारवालासँगको अन्तरक्रिया गरी प्राथमिक सूचना संकलन गरिएकोछ । त्यसै गरि श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले कानूनी तथा नीतिगत व्यवस्था, प्रधानमन्त्री रोजगार कार्यक्रमका राम्रा पक्ष र उपलब्धी, बैदेशिक रोजगार विभाग, बैदेशिक रोजगार सचिवालय लगाएका निकायबाट प्राप्त जानकारी द्वीतिय स्रोतका सूचनालाई गुणात्मक विधिमा आधारित भएर रणनीति योजना तयार गरिएको छ।

रोजगार रणनीतिक योजना बनाउदा देहायको अध्ययन पद्धति अवलम्बन गरिएको छ ।

क) श्रोत - मूल

४. क्षेत्र

क) रोजगार सँग सम्बन्धीत विविध पक्षको विश्लेषण

ख) रोजगार सँग सम्बन्धीत नीतिहरुको अध्ययन विश्लेषण

ग) श्रम तथा रोजगार सँग सम्बन्धीत समस्याको विश्लेषण

घ) महाभारत गाउँपालिका रोजगार क्षेत्र तथा अवसर श्रृजनाको सम्भावनाको अध्ययन विश्लेषण

ङ) महाभारत गाउँपालिकाको आर्थिक अवस्थाको विश्लेषण

५. सीमा

यस रोजगार रणनीतिक योजना तर्जुमाका सिमाहरु देहाय बमोजिम रहेका छन् ।

क) विविध पक्ष उल्लेख भए पनि मूलतः यो महाभारत गाउँपालिकाको रोजगारको अवस्था र अवसर श्रृजनामा केन्द्रित रहेको छ ।

ख) यो रणनीतिक योजना तर्जुमा गर्दा प्राथमिक तथ्याङ्क संकलन गरिएको छैन ।

ग) यो रणनीतिक योजना तर्जुमा गर्दा महाभारत गाउँपालिकाको यथार्थ अवस्थालाई केन्द्रमा राखिएको भए पनि स्थानिय तहको रोजगार रणनीति निर्माण सम्बन्धी मार्गदर्शन, २०८० लाई आधार मानिएको छ ।

## खण्ड-२ वर्तमान अवस्थाको विश्लेषण

२८० मिटर देखि ३००० मिटर सम्म उचाई रहेको र १३९६ बर्ग किलो मिटर क्षेत्रफलमा फैलिएको काभ्रेपलाञ्चोक जिल्लाको कुल जनसंख्या ३६४०३९ रहेको छ । यस मध्ये महाभारत गाउँपालिकाको कुल क्षेत्रफल मध्ये १८६ वर्ग कि.मी. मा फैलिएको काभ्रेपलाञ्चोक जिल्लाको एक मात्र गाउँपालिका हो । महाभारत गाउँपालिकाको कुल जनसंख्या १६,०७९ रहेको जसमा पुरुष ४९% र महिला ५१% रहेको छ भने कुल परिवार संख्या ३,१७४ रहेको छ । अनुपस्थित सदस्य विदेशमा बसोबास गर्ने परिवार संख्या ०.१% रहेको छ । कुल जनसंख्या मध्ये रुपमा सक्रिय जनसंख्या मा १३०८६ जना रहेकोमा ३ महिना भन्दा कम आर्थिक क्रियाकलापका रहेको जनसंख्या १५५० जना, ३ महिना वा सो भन्दा वढी तर ६ महिना भन्दा कम रोजगारीमा संलग्न जनसंख्या १,१०३ जना, ६ महिना वा सो भन्दा बढी ७,०२८ जना र कुनै पनि आर्थिक क्रियाकलापमा संलग्न नरहेको जनसंख्या ३,३०५ जना रहेको देखिन्छ । यो ७६.७ प्रतिशत साक्षरतादर भएको गाउँपालिका हो । विभिन्न प्रकृतीका रोजगारीमा, ८५३ जना सेवा तथा उत्पादन व्यापार व्यवसायमा, ६४३ जना खानेपानी सँग सम्बन्धीत काममा, १० जना विधुत सँग सम्बन्धीत काममा, १० जना

निर्माण सँग सम्बन्धीत काममा, ३४५ जना यातायात सँग सम्बन्धीत काममा, ४९, जना उत्पादन सग सम्बन्धित काममा,१०२ जना संलग्न छन् । ८,३२८ जना कृषि जन्य काममा संलग्न रहेका छन । ३३०५ जना पूर्ण बेरोजगार छन भने ३ महिना भन्दा कम काम गर्नेको जनसंख्या १५५० रहेको छ भने आर्थिक क्रियाकलापमा प्राय सक्रिय नरहेको जनसंख्या ३३०५ रहेको राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कले देखाउछ । त्यस्तै ३ महिना भन्दा बढी र ६ महिना भन्दा कम काम गर्ने जनसंख्या ११०३ रहेको छ । यसरी हेर्दा महाभारत गाउँपालिकामा कृषि जन्य पेशामा संलग्न जनसंख्या धेरै छ भने आंशिक रोजगारी जनसंख्या त्यती धेरै देखिदैन ।

रोजगारको मुख्य क्षेत्र कृषि रहे पनि कृषिले अधिकांश परिवारको ६ महिना मात्रै निर्वाह हुने भएकाले मौसमी रोजगारका लागी जिल्ला बाहिर तथा देश वाहिर विभिन्न सहर जाने प्रचलन व्याप्त छ । उब्जाउ भुमिको अभाव, सिचाइको अभाव तथा बालि विविधिकरणको अभाव, परम्परागत खेती प्रणाली कृषिबाट उपयुक्त लाभ लिन सकिएको छैन । जडिबुटी तथा फलफुलका लागी उपयुक्त वातावरण तथा मौसम रहे पनि यहाँका किसान अन्न बालिमै केन्द्रित छन् तर पछिल्लो समयमा भने कफिखेती तर्फ उन्मुख हुनुको साथै गाउँपालिकाले पनि यस कार्यक्रमलाइ अघि बढाइरहेको छ। पशुपालनका लागी उपयुक्त रहे पनि व्यवसायिक पशुपालन गर्ने व्यवसायिक किसानको अभाव रहेको छ । मासु जन्य उत्पादनका लागी पालिकाले वोयर जातका बाख्रा, वितरण गर्दै आए पनि किसानमा व्यवसायिक ज्ञानको अभावको कारण पशुपालन व्यवसाय ब्यवसायिकरण तर्फ उन्मुख देखिदैन । दुध तथा दुधजन्य बस्तु उत्पादन वृद्धिका लागी उन्नत नश्लका गाई तथा भैसी पालन गरि आय आर्जन वृद्धि गर्ने आधार रहेपनि किसान व्यवसायिक हुन सकेका छैन ।

विभिन्न समयमा सिपमुलक तालिम प्रदान गरिए पनि सीपको सदुपयोग भएको देखिदैन । सिपको प्रयोग गरि व्यवसायिक हुनु पर्नेमा त्यो भएको अवस्था छैन । तालिममा सहभागी १०० मा ३० जनाले सिपको प्रयोग गरि स्वरोजगार भएको अवस्था छ ।

## खण्ड-३ रणनीतिक विश्लेषण

रोजगारका अवसर श्रृजनाका लागी थुप्रै चुनौती रहेको देखिन्छ । ठूला औधोगीक प्रतिष्ठान स्थापना हुने सम्भावना पनि देखिदैन । राज्यको अहिले सम्मको लागानी प्रतिफल पनि न्यून देखिन्छ । अनुगमनको पाटो योजना तथा कार्यक्रमको कार्यान्वयन को चरणमा नै सकिने हुँदा, दिर्घकालिन प्रभाव परेको देखिदैन ।

## खण्ड-४ रणनैतिक सवालहरु

भौगोलिक विविधताको कारण सीमित मात्रामा आर्थिक गतिविधी हुदै आए पनि प्रयाप्त रोजगारी श्रृजना हुन नसकेको , तालिम सिपमुलक कार्यक्रम सञ्चालन भए पनि स्वरोजगार नभएको वा उपयोगमा नआएको हालसालै कृषि आधुनिकरण तथा कफि पकेट क्षेत्रका कार्यक्रम आएको र बजेट परिचालन भइ कार्यक्रम सम्पन्न भए पनि त्यसको उपयोगिता हेर्न बाँकी रहेको, दुधका लागी उन्नत नश्लका पशुपालन होस वा मासुजन्य उत्पादनका लागी बाख्रापालन यि र यस्ता कार्यक्रमहरु सञ्चालन भएता पनि व्यवसायिक हिसाबले अगाडी बड्न नसकेको तितो यथार्थ हाम्रा सामु छदैछ । जब सम्म गरेर खानुपर्छ भन्ने सोच, व्यवसायिक बन्ने सोच , स्वरोजगार हुने सोच वा उद्यमी हुने सोच स्वयम व्यक्तिमा आउदैन सरकारी प्रयास बालुवामा पानि नै हुन्छ ।

आम जनतामा व्यवसायिक सोच विकास गर्न जरुरी छ । व्यवसायिक ज्ञान र सिप नभई उद्यमशिलता विकास हुनै सक्दैन । आर्थिक गतिविधी गर्न स्वयं व्यक्ति सक्रिय हुनु जरुरी हुन्छ । आवश्यक प्रविधि सम्बन्धी ज्ञान र सिपमा दक्ष बनाई रोजगारीका अवसर बढाउन सकिए पनि व्यक्तिगत पहल तथा प्रतिबद्धता महत्वपूर्ण हुन्छ ।

सरकारको लगानी वातावरण बनाउने हो , त्यो वातावरणको सदुपयोग गर्ने , त्यसलाई अवसरका रुपमा प्रयोग गर्ने निरन्तरता दिने र निरन्तर रुपमा आर्थिक गतिविधिमा केन्द्रित गर्ने काम स्वयं व्यक्तिको हुन्छ ।

अनुगमनको पाटो पनि महत्वपूर्ण हुन्छ , जस्ले कार्यक्रमको प्रभावकारीता र अवस्थाको जानकारी सरकार वा सम्बन्धीत निकायलाई प्राप्त हुन्छ । कार्यक्रम रहुन्जेल , सम्पन्न भएपछी र पछी पनि त्यसको प्रभाव के रह्यो भन्ने अनुगमन र सो को मूल्याङ्कन हुनु जरुरी छ ।

कार्यान्वयन, अनुगमन ,मूल्याङ्कन र दिर्घकालिन प्रतिफल प्राप्त हुने सुनिश्चितताको अवस्थाले मात्रै अवसरहरु दिगो हुने देखिन्छ । यस अघि पनि महाभारत गाउँपालिकाको पहल तथा विभिन्न निकायहरुको सहयोगमा धेरै सिपमूलक तालिम सम्पन्न भए, थुप्रै अनुदान दिइए, थुप्रै बोटविरुवा विउ विजन विपतरण गरिए, थुप्रै पकेट क्षेत्र कार्यक्रम सञ्चालन भए पनि सोचे जस्तो दिर्घकालिन उपलब्धि हाँसील हुन सकेको देखिदैन । दिगो रोजगारका अवसर श्रृजना गर्न नसकिएको अवस्था हो । सिपमूलक तालिम लिए पछि दक्ष भई काममा सक्रिय भएको हुनुपर्ने हो, स्वरोजगार भएको हुनु पर्ने हो । यस अघि विभिन्न सिपमूलक तालिममा सहभागी भएकाहरु आधा सहभागिहरु आज पनि

बेरोजगार छन् । आर्थिक सबलीकरण भएको देखिदैन । बाख्रापालन पकेट क्षेत्रलाइ विकास गर्न सकिएको छैन । आधुनिक कृषि तथा तरकारी खेतीको लागि आवश्यक बजेट तथा योजनाहरुको अभाव रहेको छ । बेमौसमी तरकारी उत्पादन गर्न सकिएको अवस्था आज पनि देखिदैन । अतः यसलाइ दिर्घकालिन योजना बनाइ अघि बढ्नु पर्ने देखिन्छ ।तथापी यसका लागि जनता आफै सक्रिय हुनु पर्छ । केहि गरौं भन्ने सोच महत्वपूर्ण हुन्छ ।

आर्थिक गतिविधी सञ्चालनका लागी महाभारत गाउँपालिकामा पूर्वाधार निर्माणका कामहरु दूर्तगतिमा भइरहेका छन । सडक सञ्जाल, विद्युत सुविधा गा.पा.को कुना कन्धारमा पुग्ने सङघारमा रहेको छ । स्थानीय स्तरका उत्पादन बजारीकरण गर्न, स्थानिय कच्चा पदार्थ प्रयोग गरी आधुनिक प्रविधि प्रयोग गरी लघुउद्यम विकासमा जोड गर्न सके आर्थिक गतिविधि बढ्छ । आर्थिक गतिविधि बढ्दा रोजगारका अवसर स्वतः वृद्धि हुन्छन् ।

## खण्ड-५ दुरदृष्टि, ध्येय र उद्धेश्य

क) दुरदृष्टि (Vision)

उपलब्ध जनशक्तिलाई श्रम बजारको माग बमोजिम श्रृजनशिल, सक्षम, प्रतिस्पर्धी बनाउदै उत्पादनशिल, मर्यादित एवं सुरक्षित रोजगारीमा संलग्न गराई गरिबी न्यूनिकरणमा योगदान पुऱ्याउनु।

ख) ध्येय (Mission)

श्रम बजारमा प्रवेश गर्ने र गरिसकेको जनशक्तिलाई व्यवसायिक सोच विकास गर्दै प्रविधि मैत्री ज्ञान सिप दक्षताको प्रसार गरी रोजगारका अवसर खोली रोजगार स्वरोजगार उद्यमशिल बनाई आय आर्जनका क्रियाकलापमा सहभागी गराई बेरोजगारि न्यूनिकरण गर्ने ।

ग) उद्देश्य

यस रोजगार रणनीतिक योजनाको प्रमुख उद्देश्यहरु देहाय अनुसार हुनेछन ।

१) रोजगारीको हकको प्रभावकारी कार्यान्वयन गरी स्थानीय जनशक्तिलाई रोजगारिका अवसरमा उपलब्ध गर्नु ।

२) श्रम बजारको माग बमोजिम जनशक्तिको उत्पादन , उत्पादकत्व र उद्यमशीलता अभिवृद्धि गरि आर्थिक विकासमा योगदान गर्नु ।

३) आन्तरिक रोजगारिका अवसरमा स्थानिय जनशक्तिको प्रयोग हुने वातावरण श्रृजना गर्न प्रवर्द्धनात्मक क्रियाकलाप गर्नु ।

४) बेरोजगार रहेका र केहि गर्ने सोच भएकाहरुलाई व्यवसायी तथा उद्यमी बनाई स्वरोजगार बनाउन व्यवसायिक परामर्श तथा उद्यमशिलता विकास तालिम , व्यवसायिक प्रयोगात्मक अभ्यास तथा साना व्यवसायी तथा लघु उद्यमीलाई प्रोत्साहन गर्ने क्रियाकलाप सञ्चालन गर्नु ।

५) स्वरोजगारी तथा रोजगारीका लागी श्रृजनशिल सोच (Creative Thinking and Creative Business Ideas)लाई प्रोत्साहन दिन Start up Support/साझेदारी प्रोत्साहन क्रियाकलाप गर्नु ।

६) परम्परागत कृषि तथा पशुपालन व्यवसायलाई निर्वाहमुखिबाट व्यवसायिक बनाउन क्रियाकलाप सञ्चालन गर्नु ।

७) युवाका लागि जिवनवृति परामर्श ( करियर काउन्सिलिङ्ग ) डेस्क संचालन गर्नु ।

८) स्थानिय तहमा दक्ष, प्रतिस्पर्धी र उद्यमशील मानविय श्रोतको विकास गर्नु ।

९) गाउँपालिकाबाट नागरिकलाई उद्यमशिलता विकास तालिम, व्यवसायिक सीप विकास, रोजगारी प्रवर्द्धन, उत्पादनशिल रोजगारी श्रृजना, उद्यमशिलता प्रवर्द्धन, रोजगारीमा पदस्थापन , स्वरोजगारी , वैदेशीक रोजगारीमा जानेलाई दिइने सेवा , वैदेशिक रोजगारीबाट फर्केका श्रमिकको सामाजिक आर्थिक, पारिवारिक रुपमा पुनर्स्थापना तथा पुनः एकिकरण लगायतका सेवा वा लगायतका एकिकृत श्रम र रोजगारमूलक सेवा प्रवाह गर्नु ।

## खण्ड-६ रणनैतिक लक्ष्यहरु

१) उत्पादनशिल रोजगारीको वृद्धिमा बढावा दिने ।

२) सीपयुक्त जनशक्तिलाइ उत्पादनशिल क्षेत्रमा उपयोग गर्नु ।

३) रोजगार सिर्जनाको लागि आवश्यक क्षेत्रहरुको पहिचान गर्नु ।

४) स्रोत साधनलाइ एकिकृत गरि रोजगारीमा केन्द्रित गर्नु ।

५) सङघीय श्रमतथा रोजगार नितिलाइ उपलब्धिमुलक बनाउनु ।

६) लघु उद्यम विकासलाइ रोजगारको केन्द्रित गराउनु।

७) बैदेशिक रोजगारलाइ सुरक्षित र मर्यादित बनाउको लागि परामर्श प्रदान गर्नु ।

८) उत्पादनमुलक ब्यवसायहरु कृषि उद्योग, फलफुल मशला कागती खेती, च्याउ खेती, कफि खेती र सेवामुलक ब्यवसायहरु होम स्टे, हेयर कटिङ, ग्रिल वर्कशप, मोवाइल मर्मत, मोटरसाइकल मर्मत, साना होटलहरु साथै पर्यटन प्रवर्द्धन मार्फत दिगो रोजगारीको सिर्जना गर्नु ।

९) वैदेशिक रोजगारबाट फर्केका युवालक्षित स्वय छनोट गरिएको स्वरोजगारीको ववकल्प कायायन्वनयका लागि व्यवसाय योजना निर्माण, प्राविधिक सिप विकास सहयोग, परामर्श र वित्तिय सहजीकरण गर्ने ।

## खण्ड-७ रणनैतिक स्तम्भ / प्रमुख रणनीतिहरु

१) व्यवसायिक कृषि , उन्नत पशुपालन तथा लघु उद्यमको विकास प्रयासलाई अघि बढाउन गाउँपालिकाले पुऱ्याउनु पर्ने सेवाहरु सम्बन्धीत शाखा मार्फत पुर्याउने ।

२) समुदायमा रहेका एकल महिला, दलित तथा विपन्न वर्गको बढि भन्दा बढि स्वरोजगारी / रोजगारीका अवसरहरु श्रृजना गर्ने ।

३) स्थानिय सिप , साधन र प्रविधिलाई अधिकत्तम उपभोग गराई व्यवसाय तथा लघु उद्यमहरु संचालनका लागी आवश्यक वातावरण बनाउने ।

४) व्यवसायिक सोच तथा क्षमता विकासका लागी आवश्यक संस्थागत तथा मानव संसाधनको विकास गर्न जोड दिने

५) स्थानिय उत्पादित वस्तु तथा सामानहरुको विक्रिका लागी आवश्यक बजारिकरण लाई प्रवर्द्धन गर्ने ।

६) नव प्रर्वतन व्यवसायिक सोच (Innovative Business Ideas) भएका युवाहरुबाट व्यवसायिक योजना आव्हान गरि नव उद्यमी / व्यवसायी बन्न प्रोत्साहन गर्ने ।

७) रोजगार सेवा केन्द्र मार्फत व्यवसायिक सोच विकास एवम् व्यवसायिक क्षमता अभिवृद्धिका लागि , जिवनवृति परामर्श ( करिअर काउन्सिलिङ ) तथा रोजगार अवसरका लागी हेल्प डेक्स सञ्चालन गर्ने ।

८) स्वरोजगार हुन चाहनेहरुलाई प्रोत्साहन गर्ने तथा आवश्यक वित्तिय तथा व्यवसायिक ज्ञान उपलब्ध गराउने ।

९) स्थानिय उत्पादनलाई प्रोत्साहन गरी व्यवसायिकरण गर्न मुख्य बजार क्षेत्रमा साप्ताहिक हाट बजारहरुको व्यवस्था गर्ने ।

## खण्ड-८ पाँच वर्षको रणनैतिक कार्ययोजना

महाभारत गाउँपालिका भित्र रोजगारीका नयाँ क्षेत्र तथा अवसर पहिचान गर्ने र वाध्यात्मक रोजगारीको अवस्था अन्त्य गरी स्थानिय स्तरमै दक्ष, सिपयुक्त, प्रतिस्पर्धी र क्षमतावान जनशक्ति तयार गर्ने अभिप्रायले यो पाँच वर्षको रणनितिक कार्ययोजना बनाई कार्यान्वयन गरिने छ ।

### महाभारत गाउँपालिकाको रोजगार रणनीति कार्यान्वयन कार्ययोजना

| क्र सं | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय वा शाखा | सहयोगी निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सूचक | बजेट | जोखिम |
|---|---|---|---|---|---|---|---|
| कार्यनीति १ व्यवसायिक कृषि उत्पादन मार्फत रोजगारी श्रृजना | | | | | | | |
| १.१ | व्यवसायिक कृषि उत्पादनका लागि व्यवसायिक किसानलाई उन्नत बिउ बिजनको व्यवस्थापन | कृषि शाखा | कृषि ज्ञान केन्द्र | ५ वर्ष | कृषकले व्यवसायिक उत्पादन गरी स्वरोजगार भएको हुने | १० लाख प्रतिवर्ष | |
| १.२ | कफि खेतीको विकास गर्ने तथा अनुदान उपलब्ध गराउने | कृषि शाखा | कृषि ज्ञान केन्द्र | ५ वर्ष | कृषकले व्यवसायिक उत्पादन गरी स्वरोजगार भएको हुने | २० लाख प्रतिबर्ष | |
| १.३ | कोल्डस्टोर व्यवस्थापन | कृषि शाखा | पूर्वाधार शाखा | २ वर्ष | कोल्डस्टोरको व्यवस्था भएको हुने | ५० लाख | |
| १.४ | कृषि बजारको व्यवस्थापन | कृषि शाखा | पूर्वाधार शाखा | १ वर्ष | मूख्य बजार क्षेत्रमा हाटबजारको | १० लाख प्रतिबर्ष | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | व्यवस्था भएको हुने | | |
| १.५ | आधुनिक कृषि ज्ञान तथा व्यवसायिक क्षमता अभिवृद्धि | कृषि शाखा | उद्योग शाखा | ५ वर्ष | किसानमा व्यवसायिक ज्ञान विस्तार भएको हुने | १० लाख प्रतिबर्ष | |
| कार्यनीति २ फलफूल मशला एवम् कागती खेती विस्तार संकलन तथा बजार प्रवर्द्धन मार्फत रोजगारीको श्रृजना | | | | | | | |
| २.१ | फलफूल मशला तथा कागती खेती बिस्तार कार्यक्रम | कृषि शाखा | कृषि ज्ञान केन्द्र माटो परीक्षण कार्यालय | ५ वर्ष | कम्तिमा ५० हेक्टर जमिनमा फलफूल खेतिको बिस्तार भएको हुनेछ | १० लाख प्रतिबर्ष | |
| कार्यनीति ३ व्यवसायिक पशुपालन मार्फत रोजगारी श्रृजना | | | | | | | |
| ३.१ | व्यवसायिक रुपमा मासुजन्य तथा दुधजन्य उत्पादनका लागि उन्नत नश्ल गर्भधारण तथा प्रजनन व्यवस्थापन कार्यक्रम | पशु सेवा शाखा | पशुपन्छी कार्यालय / भेट स्कुल | ५ वर्ष | कृषकले उन्नत नश्लको पशुपालन गरेको हुनेछ | १० लाख प्रतिबर्ष लाख | |
| ३.२ | पशुपन्छीको रोग रोकथामका लागि प्रयोगशाला तथा कोल्ड स्टोरेजको व्यवस्थापन | पशुसेवा शाखा | प्राविधिक शाखा / पशुपन्छि कार्यालन | १ वर्ष | प्रयोगशाला तथा कोल्ड स्टोरको स्थापना भई पशुपन्छीजन्य रोगको उपचार तथा | १० लाख प्रतिबर्ष लाख | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | निदान भएको हुनेछ । | | |
| ३.३ | व्यवसायिक पशुपालनका लागि हिउँदे तथा वर्षे घाँस डाले तथा भूइ घाँस प्रवर्द्धन कार्यक्रम | पशु सेवा शाखा | पशुपन्छी कार्यालय/ कृषि शाखा | ५ वर्ष | घाँस उत्पादन भएको हुनेछ | ५ लाख प्रतिबर्ष | |
| ३.४ | व्यवसायिक पशुपालन तथा मासु एवम् दुधजन्य उत्पादनका लागि सीप तथा क्षमता अभिवृद्धि कार्यक्रम | पशु सेवा शाखा | उद्यम शाखा | ५ वर्ष | किसान व्यवसायिक भएको हुनेछन उत्पादित वस्तुको खपत भएको हुनेछ | १० लाख प्रतिबर्ष | |
| कार्यनीति ४ व्यवसायिक तथा उद्यमशिलता विकास मार्फत रोजगारी श्रृजना | | | | | | | |
| ४.१ | सूचिकृत वेरोजगार मध्ये व्यवसायी बनी स्वरोजगार हुन चाहनेलाई उद्यमशिलता विकास तालिम सञ्चालन | उद्यम शाखा | रोजगार शाखा | ५ वर्ष | कम्तिमा ५०० देखि ७०० जना स्वरोजगार भएको हुनेछन् । | ५ लाख प्रतिबर्ष | |
| ४.२ | तालिम प्राप्त गरेका र व्यवसायी हुन चाहनेहरुलाई व्यवसायिक प्रोत्साहन तथा वित्तीय सहायता कार्यक्रम | उद्यम शाखा | रोजगार शाखा | ५ वर्ष | कम्तिमा ५०० देखि ७०० जना नव व्यवसायी भएको हुनेछन् । | २ लाख प्रतिबर्ष | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४.३ | सूचिकृत बेरोजगार मध्ये Creative Idea भएका युवालाई Business purposal माग गरी छनौट भएकाहरुलाई व्यवसायिक साझेदारी प्रोत्साहन कार्यक्रम | उद्यम शाखा | रोजगार शाखा | ५ वर्ष | कम्तिमा २५ जना देखि ५० जनासम्म नव व्यवसायिहरु भएको हुनेछन | १० लाख प्रतिबर्ष | |
| ४.४ | सूचिकृत वेरोजगारहरुलाई व्यवसायिक प्राविधिक सीप विकास कार्यक्रम (बेकरी, होमस्टे, फर्निचर,ग्रील तथा आल्मुनियम वर्कशप,बाइक मेकानिक्स हेयर कटिङ्ग, साना होटल आदि | उद्यम शाखा | रोजगार शाखा | ५ वर्ष | तालिम लिई व्यवसाय गर्ने वा स्वरोजगार हुने सोच भएका १०० जना रोजगार भएका हुनेछन । | १० लाख प्रतिबर्ष | |
| कार्यनीति ५ व्यवसायिक परामर्श तथा सहजीकरण कार्यक्रम | | | | | | | |
| ५.१ | व्यवसायी तथा उद्यमी लाई आवश्यक परामर्स कार्यक्रम | उद्यम शाखा | रोजगार शाखा | ५ वर्ष | | | |
| ५.२ | नयाँ व्यवसायी तथा उद्यमीलाई व्यवसाय दर्ताका | उद्यम शाखा | रोजगार शाखा | ५ वर्ष | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | लागि सहजीकरण | | | | | | |
| कार्यनीति ६ हेल्प डेक्स सञ्चालन | | | | | | | |
| ६.१ | युवालाई जीवनवृति परामर्स - करियर काउन्सिलिङ्ग कार्यक्रम) | रोजगार शाखा | उद्यम शाखा | ५ वर्ष | | | |
| ६.२ | बेरोजगारलाई आवश्यक परामर्स वैदेशिक रोजगार परामर्स तथा सहायता कार्यक्रम | रोजगार शाखा | उद्यम शाखा | ५ वर्ष | | | |

## खण्ड-९ श्रोत परिचालन र बजेट व्यवस्थापन

गाउँपालिकाले संघिय अनुदान तथा वित्तिय सम्मानीकरण, प्रदेश अनुदान तथा वित्तिय सम्मानीकरण तथा स्थानीय आन्तरिक आय तथा शशर्त तर्फ विषय मिल्ने श्रोत तथा वजेटबाट यो रणनीतिक योजना कार्यान्वयनका लागी बजेट व्यवस्थापन गर्ने छ ।

९.१ कार्यक्रम कार्यान्वयन इकाई

रणनीतिक योजनामा उल्लेखित क्रियाकलापहरुको कार्यान्वयन गाउँपालिकाको कृषि शाखा, पशु पन्छि शाखा, रोजगार शाखा लघु उद्यम शाखा, वडा कार्यालयहरु, आयआर्जनको क्षेत्रमा काम गर्ने गैर सरकारी सस्थाहरु रहनेछ ।

## खण्ड-१० रणनीतिक योजना निर्देशक समिति, अनुगमन र मूल्यांकन सम्बन्धी व्यवस्था

१०.१ रणनीतिक योजना निर्देशक समिति

रणनीतिक योजना कार्यान्वयन गर्न देहाय बमोजिमका सदस्य रहेको स्थानिय रोजगार रणनीति कार्यान्वयन निर्देशक समितिको जिम्मेवारी पुरा गर्नेछ ।

क) गाउँपालिका अध्यक्ष - अध्यक्ष

ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

ग) गाउँपालिका अध्यक्षले तोकेका दुइजना वडा अध्यक्ष - सदस्य

घ) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

ङ) गाउँपालिकाको कृषि शाखा प्रमुख - सदस्य

च गाउँपालिकाको पशु स्वास्थ्य सेवा शाखा प्रमुख × सदस्य

छ) रोजगार संयोजक - सदस्य सचिव

१०.२ रणनीतिक योजना कार्यान्वयन गर्न र निर्धारित लक्ष्य प्राप्ति गर्न रोजगार रणनीति कार्यान्वयन निर्देशक समितिको काम, कर्तव्य र अधिकार हुनेछ ।

क) रणनीतिक योजना कार्यन्वयनका लागी आवश्यक वजेटको व्यवस्थापन गर्ने ।

ख) रणनीतिक योजना कार्यान्वयनका लागी आवश्यक पूर्वाधार, जनशक्ति, श्रोत, साधनको व्यवस्थापन गर्ने ।

ग) रणनीतिक योजना कार्यान्वयनका चरणमा आउने समस्या समाधानका लागी आवश्यक समन्वय गर्ने ।

घ) निर्धारित लक्ष्य प्राप्तिका लागी नियमित रुपमा शाखाहरुलाई निर्देशन दिने ।

ङ) सरकारी , गैर सरकारी निकाय निजि क्षेत्र सँग समन्वय सहकार्यका लागी आवश्यक वातावरण निर्माण गर्ने ।

च) रोजगार सेवा केन्द्रलाई एकिकृत श्रम तथा रोजगार सेवा सञ्चालनका लागी आवश्यक श्रोत साधनको व्यवस्थापन गर्ने ।

## खण्ड-११ जेखिम व्यवस्थापन

प्रस्तुत रणनीतिक योजना कार्यान्वयनका क्रममा आयन सक्ने जोखिमहरुलाई देहाय बमोजिम

उल्लेख गरिएको छ ।

क) श्रोतको सुनिश्चतता हुन नसक्नु ।

ख) राजनितिक प्रतिबद्धताको कमी ।

ग) निस्कृिय बेरोजगार संख्या बढि हुनु ।

घ) बजेट अभाव भए कार्यान्वयनमा समस्या ।

**अपेक्षित उपलब्धिः** यस पञ्चबर्षिय रणनीतिक योजनाको अपेक्षित उपलब्धिलाई तपशिलमा उल्लेख गरिएकोछ ।

- ✓ कम्तिमा १००० जना रोजगार भएको हुने ।
- ✓ परिवारको आयस्रोतमा वृद्धि भई जिबनशैलीमा सुधार भएको हुने ।
- ✓ स्थानिय स्तरमानै श्रमको खपत भएको हुने ।
- ✓ स्थानिय आवश्यकताको परिपुर्ति भएको हुने ।
- ✓ बैदेशिक रोजगारको दर न्युन भएको हुने ।
- ✓ गरिबि न्यनिकरणमा टेवा पुग्ने ।
- ✓ स्थानिय अर्थतन्त्रमा सुधार भएको हुने।
- ✓ पर्यटन प्रबर्द्धन भई बाह्य पर्यटनको आगमनमा वृद्धि हुने ।